# गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालन कार्यविधि-२०७५

गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
वारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

**बारपाक सुलिकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ताकुकोट, गोरखा**

# विषय सूचि


प्रस्तावना ........ १

१. संक्षिप्त नाम र प्रारम्भ ........ १

२. परिभाषा ........ १

३. परिचय ........ १

४. कार्यक्रमबाट गर्न सकिने कामहरु ........ २

५. गर्न नसकिने कामहरु ........ २

६. यो सहयोग लिन नसक्ने व्यक्तिहरु ........ २

७. सापटी सहयोग प्राप्त गर्ने शर्तहरु ........ २

८. व्यवसायी घुम्ती सहयोग परिचालन विधि ........ २

९. सम्झौता अनुसार काम नभएमा वा अन्याय गरेको हुने व्यवस्था ........ ३

१०. विमा बारे ........ ३

११. म्याद थप ........ ३

१२. छनौट अनुगमन मूल्याङ्कन समिति........ ३

१३. होडिङ्ग बोर्ड तथा सूचना पार्टी ........ ३

१४. खारेजी र बचाऊ ........ ३

१५. अनुसूचि २ ........ ४

१६. सम्झौता शर्तहरु ........ ५

१७. निवेदन ढाँचा अनुसूचि १........ ६

१८. अनुसूचि ३ ........ ७



गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
बारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

**प्रस्तावना :**

यस बारपाक सुलिकोट गाउँपालिका भित्र रहेका वेरोजगार युवा शक्तिलाई स्थानीय रुपमा नै रोजगारी सृजना गर्न, स्थानीय स्रोत, साधनको प्रयोग गर्न, स्वरोजगार तर्फ उन्मुख गरी उद्यमशीलताको विकास गर्न र आर्थिक जीवनमा समृद्धी हाँसिल गराउन तथा भैरहेको युवा पलायनलाई निरुत्साहित गरी आ.व. ०७५/०७६ को बजेट कार्यान्वयन गर्न वाञ्छनीय भएकोले बारपाक सुलिकोट गाउँपालिका, गाउँकार्यपालिकाबाट गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालन कार्यविधि, २०७५ बारपाक सुलिकोट गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत भई जारी गरिएको छ ।

**१. संक्षीप्त नाम र प्रारम्भ :** क) यो निर्देशिका को नाम गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालन कार्यविधि, २०७५ रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएको मिति देखि बारपाक सुलिकोट गाउँपालिका भर प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) गाउँपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनु पर्दछ ।

(ख) गाउँकार्यपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिका, गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) कार्यालय भन्नाले बारपाक सुलिकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "युवा" भन्नाले यस गाउँपालिका भित्र स्थायी बसोबास गरेका १८ वर्ष देखि ५० वर्ष सम्मका नागरिक भन्ने बुझ्नु पर्छ ।

(ङ) "स्वरोजगार" भन्नाले आफ्नै पहल कदमीमा गाउँपालिका वा अन्य कुनै निकाय, संघसंस्था को सहयोग लिई रोजगारी सृजना हुने कुनै व्यवसाय गरेको अवस्थालाई बुझ्नु पर्छ ।

(च) "व्यवसाय" भन्नाले व्यवसायी आफ्नै र गाउँपालिका को घुम्ती सहयोग मार्फत संयुक्त लगानीमा संचालन भएको कामधन्दा लाई जनाउने छ । यो व्यवसाय कानुन अनुसार दर्ता भएको हुनु पर्नेछ ।

(छ) "सहयोग" भन्नाले गाउँपालिकाले बेरोजगार युवाहरुलाई रोजगारी सृजना गर्नको लागि घुम्ती ढंगले परिचालन गरेको आर्थिक सहयोगलाई बुझाउने छ ।

(ज) कार्यक्रम कोष भन्नाले गाउँपालिकाका द्वारा रोजगारी सृजना को लागि तयार गरेको कोषलाई सम्झनु पर्छ ।

(झ) "सापटी सहयोग" भन्नाले गाउँपालिकाबाट व्यवसाय संचालनको लागि पछि फिर्ता गर्ने शर्तमा दिएको सहयोग (रकम) लाई सापटी सहयोग भनिएको छ ।

**३. कार्यक्रम संचालन गर्ने विधि :** (१) गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रमको लागि विनियोजित बजेटबाट २०% रकम उद्यमशीलता विकास, तालिम, सीप विकास र प्रविधि हस्तान्तरणमा खर्च गरिनेछ । सापटी सहयोगबाट परिचालित व्यवसायहरुको विमा गर्नको लागि १०% रकम खर्च गरिनेछ र बाँकी ७०% सापटी सहयोग रकममा खर्च गरिनेछ ।

**४. प्रस्ताव आह्वान गर्ने:** (१) गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रमका लागि कम्तीमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ ।

(२) उपदफा १ बमोजिमको सूचना गाउँपालिकाको वेवसाइट वा अन्य विद्युतीय माध्यम र स्थानी पत्रिकामा समेत प्रकाशन गरिनेछ । प्रस्ताव सम्बन्धि सूचनाको ढाँचा अनुसूची १ मा भए बमोजिम हुनेछ ।

**५. प्रस्ताव पेश गर्ने :** (१) गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालनका लागि अनुसूची २ बमोजिमको ढाँचामा निवेदन सहितको कार्यक्रम प्रस्ताव तयार गरी कार्यालयमा पेश गर्नुपर्दछ ।

(२) प्रस्ताव साथ देहायका कागजातहरु समेत पेश गर्नुपर्दछ ।

(क) व्यवसाय दर्ताको प्रमाण-पत्र

(ख) लागत साझेदारी

(ग) वडा कार्यालयको सिफारिस

(घ) सम्बन्धित व्यवसायमा सिपमुलक तालिम वा प्रमाण पत्र (भएमा)

**६. प्रस्ताव छनौटको आधार :** (१) गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालनको लागि अनुदान उपलब्ध गराउन अनुसूची ३ बमोजिमका आधारहरु अबलम्वलन गरिनेछ ।

**७. प्रस्तावको छनौट र स्वीकृति :** (१) दफा ४(१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरुको छनौट गर्न कार्यालयमा देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) योजना शाखाको अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखाका प्रमुख - सदस्य

(ग) कृषि शाखा प्रमुख - सदस्य

(घ) पशु शाखा प्रमुख - सदस्य

(ङ) भण्डार शाखा प्रमुख - सदस्य सचिव

(२) छनौट समितिमा संयोजकले आवश्यकता अनुसार विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) छनौट समितिमा प्राप्त भएका प्रस्तावहरुलाई अनुसूचि ३ मा भएको सूचकको आधारमा मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्ने र छनौट समितिले स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

(४) उपदफा ३ बमोजिम स्वीकृत भएका प्रस्तावहरुको सूची कार्यालयको वेव साइट मार्फत सार्वजनिक गरिनेछ ।

**८. कार्यक्रम कार्यान्वयन सम्बन्धि सम्झौता :** (१) स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति/संस्थाले कार्यालय सँग ७ दिन भित्र सम्झौता गरि सक्नुपर्नेछ । सो समयावधि भित्र सम्झौता गर्न नआएमा अन्य व्यक्ति/संस्था सँग सम्झौता गरिनेछ ।

(२) भरपाई सहितको कार्यक्रम सम्झौताको ढाँचा अनुसूचि ४ मा उल्लेख भए बमोजिमको हुनेछ ।

(३) उपदफा २ बमोजिमको सम्झौता भए पश्चात् कार्यक्रम संचालनको लागि गाउँपालिका अध्यक्ष र सम्बन्धित वडाध्यक्षको रोहवरमा सम्बन्धित व्यक्ति/संस्थाको खातामा बढीमा ३ किस्तामा रकम

निकाशा दिईनेछ । बाँकी किस्ता रकम काममा भएको प्रगति, प्रभावकारी उपयोग समेतको आधारमा दिईनेछ ।

**९. कार्यक्रमको कोष संचालन :** (१) कार्यालयले १ कार्यक्रम कोष स्थापना गर्नेछ । सो कोषमा कार्यालयले आफ्नो बजेट कार्यक्रमबाट र अन्य संघ/संस्थाबाट प्राप्त रकम जम्मा गर्न सक्नेछ ।

(२) छनौट भएका व्यक्ति/संस्थालाई रु. २०००००।- रकम उपलब्ध गराईनेछ ।

(३) कार्यक्रम संचालन भएको १ वर्ष ६ महिना पछि १ लाख र २ वर्ष अगावै बाँकी रकम फिर्ता गर्नुपर्नेछ ।

**१०. कार्यक्रमबाट गर्न सकिने कामहरुः**

(१) यो सहयोग कार्यक्रमबाट कृषि उत्पादन मूलक कामहरु जस्तै तरकारी खेती, माछापालन, कुखुरा, बंगुर पालन, गाई, बाख्रा, मौरी पालन आदि काम गर्न सकिनेछ । त्यस्तै अलैंची, अदुवा, वेसार, आदि मसलावाली कफी, च्याउ आदि खेती गर्न सकिनेछ । त्यस्तै गरी कृषि जन्य उत्पादन भण्डारण प्रशोधन आदि गर्न सकिनेछ ।

**११. कार्यक्रमबाट लाभान्वित हुन नसक्ने व्यक्तिहरु :** (१) देहायका नागरिकहरु कार्यक्रमबाट लाभान्वित हुन पाउने छैन ।

(क) सरकारी जागरि वा पेन्सन वाला व्यक्तिहरु ।

(ख) कुनै गैर सरकारी संस्थाका जागिरे ।

(ग) अन्य कुनै पेशा व्यवसायमा संलग्न व्यक्तिहरु

(घ) कानुन अनुसार 'अयोग्य' ठहर हुने गरी फौजदारी अभियोग लागेका व्यक्तिहरु ।

**१२. होडिङ्ग बोर्ड तथा सूचना पार्टी :**

व्यवसाय संचालन कार्यक्रम स्थल नजिकै सवै तर्फ देख्ने गरी होडिङ्ग बोर्ड वा सूचना पार्टी अनिवार्य राख्नुपर्नेछ ।

**१३. खारेजी र बचाऊ :**

यस कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले संसोधन परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
सारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

**अनुसूची-१**

(दफा ३(२) सँग सम्बन्धित

सूचनाको ढाँचा

बारपाक सुलिकोट गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

ताकुकोट, गोरखा ।

गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :     /   /

बारपाक सुलिकोट गाउँपालिका भित्र रहेका वेरोजगार युवा शक्तिलाई स्थानीय रुपमा नै रोजगारी सृजना गर्न, स्थानीय स्रोत, साधनको प्रयोग गर्न, स्वरोजगार तर्फ उन्मुख गरी उद्यमशीलताको विकास गर्न र आर्थिक जीवनमा समृद्धी हाँसिल गराउन तथा भैरहेको युवा पलायनलाई निरुत्साहित गरी आ.व. ०७५/०७६ को बजेट कार्यान्वयन गर्न गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम कार्यविधि, २०७५ बमोजिम यस गाउँपालिका भित्र संचालित उपयुक्त अनुसारका व्यक्ति/संस्था/समूहले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यविधिमा उल्लेख भए बमोजिम निर्धारित ढाँचामा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित प्रस्ताव यस कार्यालयमा पेश गर्नका लागि योग्य सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>यस सम्बन्धि थप जानकारीको लागि सम्पर्क</u>

यस कार्यालयको वेब साइट www.sulikotmun.gov.np मा लगइन गरी वा कार्यालयको फोन नं. ०६४-६९११७७

गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
बारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

## अनुसूची-२

(दफा ४ (१) सँग सम्बन्धित

निवेदन सहितको कार्यक्रम प्रस्तावको ढाँचा

श्री अध्यक्ष ज्यू ,
बारपाक सुलिकोट गा.पा. कार्यालय, ताकुकोट, गोरखा ।

**विषय : व्यवसाय संचालनको लागि सापटी सहयोगमा पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त विषयमा निम्न विवरण भएको स्वरोजगार व्यवसाय संचालनको लागि तहाँ गाउँपालिका कार्यालयबाट प्रदान गरिने सापटी सहयोग रकम उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

१. व्यवसायीको नाम :

२. ठेगाना :

३. उमेर :

४. बावुको नाम :

५. व्यवसायको नाम :

६. व्यवसायबाट उत्पादन हुने वस्तु :

७. फोन नं. :

८. नागरिकता नं. :

९. शैक्षिक योग्यता :

**<u>संलग्न कागजपत्रहरु :</u>**

१. वडा कार्यालयको सिफारिस

२. नागरिकता फोटोकपी

३. शैक्षिक प्रमाण पत्रको फोटो कपी

४. तालिम/सीप प्राप्त प्रमाण पत्र (नभएमा)

५. व्यवसाय संचालन बारे प्रस्ताव पत्र

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
बारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

निवेदकको नाम :

सही :

श्री अध्यक्ष ज्यू,
बारपाक सुलिकोट गा.पा. कार्यालय, ताकुकोट, गोरखा ।

**विषय : प्रस्ताव पत्र पेश गरेको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा निम्न विवरण भएको व्यवसाय संचालन को लागि तहाँ गाउँपालिका कार्यालबाट विनियोजित सापटी सहयोग रकम प्रदान गर्नको लागि निम्नानुसार प्रस्ताव पत्र पेश गरेको छु ।

**<u>मेरो विवरण :</u>**

१. नाम :

२. बावुको नाम :

५. शैक्षिक योग्यता :

३. ठेगाना :

४. नागरिकता नं. :

६. उमेर :

**<u>प्रस्तावित व्यवसायको विवरण</u>**

१. व्यवसायको नाम :

२. व्यवसाय संचालन हुने ठेगाना :

३. व्यवसाय बाट उत्पादन हुने वस्तु (परिमाण) :

गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
बारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

४. व्यवसायमा कुल लागत (रु) :

५. व्यवसाय लागत (रु) :

६. व्यवसाय गाउँपालिका (रु) :

७. व्यवसायमा उत्पादित वस्तु विक्री हुने बजार वार्षिक :

८. व्यवसायबाट हुने वार्षिक आम्दानी (रु) :

९. व्यवसायीको लागि आवश्यक हुने औजार, श्रमशक्ति वा अन्य सामाग्रीको अवस्था र विवरण :

१०. व्यवसाय सुरु हुने मिति :

११. ६ महिना मा प्रगति प्रतिवेदन बुझाउने मिति :

१२. १ वर्ष मा प्रगति प्रतिवेदन बुझाउने मिति :

१३. $1\frac{1}{2}$ वर्ष मा प्रगति प्रतिवेदन र प्रथम किस्ता बुझाउने मिति :

१४. २ वर्ष मा प्रगति प्रतिवेदन र अन्तिम किस्ता बुझाउने मिति (२ वर्ष भन्दा १ महिना अगाडि) :

१५. कार्यक्रम सम्पन्न पश्चात (सापटी फिर्ता) पश्चात हुने फाइदा :

निवेदक :

**अनुसूची-३**

(दफा ६ (१) सँग सम्बन्धित

अनुदान उपलब्ध गराउन छनौटको आधारहरु

| क.सं. | आधार | अंक | कैफियत |
|---|---|---|---|
| १ | एकल महिला/अपाङ्ग/दलित | १३ | |
| २ | कृषि/पशु सम्बन्धी तालिम | १३ | |
| ३ | प्रस्तावमा पेश गरिएको विवरण | १३ | |
| ४ | खेतीयोग्य जमिनको विवरण | ११ | |

**अनुसूची-४**

(दफा ८ (२) सँग सम्बन्धित

कार्यालय र व्यवसायी बिच गरिने भरपाई सहितको सम्झौता ढाँचा

**क) व्यक्तिगत विवरण**

१. व्यक्तिको नाम : ५. उमेर :

२. व्यक्तिको ठेगाना स्थायी/अस्थायी : ६. नागरिकता नं. :

३. बावुको नाम : ७. पेशा :

४. बाजेको नाम : ८. फोन नं.:

गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
बारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा

**ख) व्यवसाय/आयोजना सम्बन्धि विवरण :**

१. व्यवसायको नाम :

२. व्यवसाय संचालन हुने ठेगाना :

३. व्यवसायको कुल लागत :

४. व्यवसायमा व्यवसायीको हिस्सा (कम्तीमा ५०%) :

५. गा.पा. को सापटी सहयोग किस्ता :

६. उत्पादित वस्तु विक्री हुने बजार :

७. उत्पादित वस्तु उत्पादनको लागि श्रमिक वा औजार वा अन्य सामग्री उपलब्धता को अवस्था :

**ग) व्यवसायी संचालनको तालिका**

१. सम्झौता मिति :

२. व्यवसाय सुरु हुने मिति :

३. ६ महिनामा प्रगति प्रतिवेदन बुझाउने मिति :

४. १ वर्ष प्रतिवेदन बुझाउने मिति :

५. $1\frac{1}{2}$ वर्ष मा पहिलो किस्ता बुझाउने मिति :

६. २ वर्षमा अन्तिम किस्ता बुझाउने मिति :

**सम्झौता शर्तहरुः**

१. प्राप्त रकम निश्चित व्यवसाय वा कार्यक्रममा मात्र प्रयोग हुनेछ ।
२. प्राप्त रकम कसैलाई ऋण सापटीमा दिइने छैन ।
३. कार्यक्रम/व्यवसाय बारे स्पष्ट गर्ने होडीङ्ग बोर्ड वा सूचना पार्टी राख्नुपर्नेछ ।
४. व्यवसायमा प्राकृतिक वा अन्य कारणबाट कुनै क्षति पुग्न गएमा विमा मार्फत क्षतिपूर्ति लिने जिम्मेवारी सम्बन्धित व्यवसायीकै हुनेछ । कुनै पनि वहानामा सापटी रकम मिनाहा हुनेछैन ।
५. व्यवसाय सम्बन्धि आयव्यय को हिसाब प्रष्ट रुपमा राख्नुपर्नेछ ।
६. हरेक ६/६ महिनामा प्रगति प्रतिवेदन कार्यालयमा बुझाईनेछ ।

व्यवसायीको नाम

स्थानीय तहको तर्फबाट

# भरपाई

लिखितम् भरपाई दादैं बारपाक सुलिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय आगे गोरखा जिल्ला बारपाक सुलिकोट गाउँपालिका वडा नं. ...... बस्ने .................................... को छोरा/छोरी/बुहारी/श्रीमान/श्रीमती वर्ष ....... को म ............................................. /...................................................... समूह/संस्थाका अध्यक्ष ................................ ले गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम लिइएको सापट सहयोग रकम तोकिएको समय भित्र कार्यालयमा बुझाउनेछु । यदि नबुझाएमा गाउँपालिका, वडा कार्यालयबाट हुने सहयोग, अनुदान तथा सिफारिस लगायतका सार्वजनिक सेवाहरुबाट वञ्चित गराए पनि दाबी विरोध गर्ने छैन । साथै सापट सहयोग रकम समयमा नबुझाएमा मेरो र मेरो एकाघरको सदस्यको सम्पत्तिबाट असुल उपर गरे पनि म मञ्जुर छु भनी देहाय बमोजिमको साक्षीहरुको रोहवरमा कोही कसैको करकापमा नपरी आफ्नो राजी खुशीले यो भरपाई गरिदिएँ ।

**साक्षीहरुः**

१) .................................................. (नागरिकता प्रमाण-पत्र नं. ......................)

२) .................................................. (नागरिकता प्रमाण-पत्र नं. .....................)

३) .................................................. (नागरिकता प्रमाण-पत्र नं. ......................)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम
बारपाक सुलिकोट गाउँपालिका
ताकुकोट, गोरखा